सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वङ्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८१/०८२
च.नं: ३१६

मिति:२०८१।०६।१४

श्री वडा कार्यालयहरु सबै ।
श्री विषयगत शाखाहरु सबै ।
सरुमारानी गाउँपालिका, प्यूठान ।

विषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।०५।२९ गते र २०८१।०६।११ गतेको बैठकको निर्णय प्रतिलिपिहरु आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

...................
(लक्ष्मण आचार्य)
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३

भगा बहादुर विश्वकर्मा गा.पा.अध्यक्ष

# सरुमारानी गाउँपालिका, कार्यपालिकाको अठ्चालिसौं बैठकका प्रस्तावहरु

## मिति २०८१।०६।११ गते

१. प्रगती समिक्षा सम्बन्धमा।

२. सडक मर्मत संभार सम्बन्धमा ।

३. प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन स्वीकृत र अनुमित माग सम्बन्धमा ।

४. विपद् लाभग्राहीहरुको घरपूनर्निर्माणको किस्ता रकम सम्बन्धमा ।

५. विपदबाट प्रभावित लाभग्राहीहरुलाई आर्थिक सहयोग सम्बन्धमा ।

६. आर्थिक सहायता सम्बन्धमा ।

७. बिविध सम्बन्धमा ।

- पशुपोषण तथा प्रजनन विकृति सुधार कार्यक्रममा साझेदारी सम्बन्धमा ।
- वन प्राविधिकको विज्ञापन सम्बन्धमा ।
- विपद प्रभावित परिवारले दिने सहयोग रकम सम्बन्धमा ।
- बजार अनुगमन प्रतिबेदन सम्बन्धमा ।
- बर्षादको समयमा सतर्कता अपनाउन अपिल गर्ने सम्बन्धमा ।

नि.प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३

भगा बहादुर विश्वकर्मा गा.पा.अध्यक्ष



CamScanner

नि.प्रमुख प्रशासकिय अधिकृत

अध्यक्ष, गा.पा.अध्यक्ष

**बैठक संख्या-४८**

**गाउँकार्यपालिकाको छयालिसौ बैठकका निर्णयहरु-२०८१।०६।११ गते**

**निर्णय नं. १ प्रगती समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।५।२९ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो।

**निर्णय नं. २ सडक मर्मत संभार सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस बर्ष भईरहेको निरन्तर वर्षादको कारण यस गाउँपालिका भित्रका गाउँपालिका कार्यालय भवन देखी वडा कार्यालय र अन्य महत्वपुर्ण सडकहरु अवरुद्ध भई यातायात सेवा नियमित सूचारु हुन नसकेको र यस बर्षको दशै तिहार नजिकै आईरहेको र थप वर्षाद पनि हुन सक्ने संभावनालाई मध्यनजर गरि वडा भित्रका सडकहरु सुचारु गर्न सडक मर्मतको काम गर्ने र सो वापतको खर्च चालू आ.ब. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मर्मर संभार शिर्षकवाट भुक्तानी हुने गरी निम्नानुसारको वजेट वाडँफाड गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजना/कार्यक्रमको नाम | वजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. १ | १,७५,०००/- | |
| २ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. २ | २,००,०००/- | |
| ३ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ३ | २,५०,०००/- | |
| ४ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ४ | २,५०,०००/- | |
| | विभिन्न सडकहरुको मर्मत संभार -९०,०००/- | | |
| | डाडापसल बैंके डुडडुंङ्गे सारुटोल मो.बा. मर्मत-६५,०००/- | | |
| | बडडाडा-दाङ्गसिङ मान्द्रे मो.बा. मर्मत -९५,०००/- | | |
| ५ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ५ | ४,००,०००/- | |
| ६ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ६ | ४,००,०००/- | |
| | जम्मा | १६,७५,००० | |

**निर्णय नं. ३ प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिबेदन स्वीकृत र अनुमति सम्बन्धमा ।**

प्रस्ताव न. ३ माथि छलफल गर्दा चालु आ.व. २०८१।०८२ मा संचालन हुने विकास निर्माणका कार्यहरुलाई आवश्यक पर्ने निर्माण सामाग्रीहरु (ढुंङ्गा, गिट्टी र वालुवा) को ब्यवस्थापन कार्य तल्काल अगाडी वढाउन यस सरुमारानी गाउँपालिकाको रासी नदिको बगरक्षेत्रबाट ढुंङ्गा, गिट्टी वालुवाको



नि.प्रमुख प्रशासकिय अधिकृत

गा.पा.अध्यक्ष

नि.प्रमुख प्रशासकिय अधिकृत

कृष्ण बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

उत्खनन, निकासी र ब्यवस्थापनको निमित्त परामर्शदाता संस्था मास्टर मिडिया एण्ड सप्लायर्स प्रा. ली, काठमाण्डौ मार्फत तयार गरिएको ढुंगा, गिट्टि,बालुवा उत्खनन, निकासी तथा ब्यवस्थापन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिबदेन २०८१ स्वीकृत गर्ने निर्णय गरियो । साथै यस कार्यालयबाट तयार भएको (IEE) प्रतिवेदन अनुसार ढुंङ्गा, गिट्टी र वालुवाको उत्खनन, निकासी तथा ब्यबस्थापनको लागि जिल्ला अनुमगन समिति प्यूठान र राष्ट्रपति चुरे, तराई- मधेश संरक्षण विकास समितिलाई सिफारिस तथा अनुमतिको लागि अनुरोध गर्ने निर्णय गरियो ।

(IEE) प्रतिबदेन अनुसार उत्खनन र निकासी परिणाम निम्नानुसार रहेको छ ।

**IEE Sarumarani Rural Municipality EXTRACTION AREA CALCULATION 2081/082.**

| SN | Name | Gross Area of Excavation (m²) | Area of river (m²) | Net Area of Excavation(m²) | Length (m) | Average Width (m) | Eff. Average Width (m) (1/3) of avg. Width | Depth (m) | Quantity (m³) | Extraction Quantity | Per day Ex. Qnty. | Revenue | Revenue With VAT | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Daderi Ghat | 123,752.00 | 25,651.00 | 98,101.00 | 420.00 | 233.57 | 77.86 | 0.72 | 23544 | 18835 | 69.76 | 3991031.21 | 4509865.268 | |
| 2 | Sun Ghat | 164,716.00 | 43,458.00 | 121,258.00 | 450.00 | 269 | 90 | 0.6 | 24251.60 | 18189 | 67.37 | 3854003.64 | 4355024.117 | |
| 3 | Titribajh Belghat | 110,792.00 | 4,680.00 | 106,112.00 | 440.00 | 241.16 | 80 | 0.65 | 22990.93 | 17243 | 63.86 | 3653661.65 | 4128637.662 | |
| 4 | Jhiliwang Dhadra | 148,178.00 | 4,805.00 | 143,373.00 | 800.00 | 179.22 | 60 | 0.5 | 23895.50 | 17922 | 66.38 | 3797413.12 | 4291076.827 | |
| 5 | Rani Bagar Ghat | 110137 | 13075 | 97062 | 525 | 184.88 | 61.6266667 | 0.5 | 16177 | 12132.75 | 44.93611 | 2575540.17 | 2910360.392 | Bridze Area |
| | | | | | | | | | | 84322 | 312.30 | 17871649.79 | 20194964 | |

**निर्णय नं. ४ विपद् लाभग्राहीहरुको घरपूनर्निर्माणको किस्ता रकम सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथि छलफल गर्दा विपद प्रभावित लाभग्राहीको किस्ता रकम सम्बन्धमा निम्नानुसारका निर्णय गरियो ।

क) सरुमारानी गाउँपालिकाको वडा नं. ६ का विपद् प्रभावित खड्क बहादुर पुन मगर र मोहन बहादुर पुन मगरको घर निर्माण कार्य सम्पन्न भएकोले प्राविधिक जाचपास प्रतिवेदन अनुसार तेश्रो तथा अन्तिम किस्ता वापत प्रति लाभग्राहीलाई रु. १,५०,०००/- का दरले रकम निकासाको लागि सिफारिस गर्ने निर्णय गरियो ।साथै गाउँपालिकाले ब्यहोर्नु पर्ने साझेदारी रकम उपलब्ध गराउने निर्णय गरियो ।

ख) सरुमारानी गाउँपालिकाको वडा नं. ६ का विपद् प्रभावित हस्त बहादुर बुढामगरको घर निर्माण कार्य सम्पन्न भएकोले प्राविधिक जाचपास प्रतिवेदन अनुसार दोश्रो किस्ता वापत प्रति

नि.प्रमुख प्रशासकिय अधिकृत

कृष्ण बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

CamScanner

नि.प्रमुख प्रशासकिय अधिकृत

कृष्ण बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

लाभग्राहीलाई रु. २,००,०००/- र तेश्रो किस्ता वापत रु. १,५०,०००/- रकम रकम निकासाको लागि सिफारिस गर्ने निर्णय गरियो। साथै गाउँपालिकाले व्यहोर्नु पर्ने साझेदारी रकम उपलब्ध गराउने निर्णय गरियो ।

ग) सरुमारानी गाउँपालिका अन्तर्गत स्थानीय विपद व्यवस्थापन समितिको मिति २०८१।६।८ गतेको बैठकको निर्णय अनुसार विपद प्रभावित तपिशलका घरधुरी मध्ये नयाँ थप घरधुरीको लागि गाउँपालिकाले नियमानुसार व्यहोर्नु पर्ने रकम जिल्ला प्रशासन कार्यालयलाई पहिलो किस्ता रकम निकासा गर्ने र नयाँ थप र साविकका बाकी रहेका घरधुरीको पहिलो किस्ता रकम सम्बन्धित लाभग्राहीको खातामा उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

| सि. न. | क्षतिको विवरण/घर भवन/घरमुलिको नाम | वडा न. र बस्ति | क्षतिको प्रकार | हालको बवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | चिन्त बहादुर दर्लामी | वडा न-२ गनाहा | पूर्ण क्षती | विवरण सच्चाई पठाईएको-घर वनाउन ईच्छुक | जि.प्र.का.बाट रकम निकासा नभएको |
| २ | डिल बहादुर दर्लामी | वडा न-२ गनाहा | पूर्ण क्षती | विवरण सच्चाई पठाईएको-घर वनाउन ईच्छुक | जि.प्र.का.बाट रकम निकासा नभएको |
| ३ | भुमि सुनार -सुकुम्बासी | वडा न-२ गनाहा | पूर्ण क्षती | दिर्घरोगको कारण उपचारको लागी घरबाहिर रहेको- घर बनाउने | जि.प्र.का.बाट रकम निकासा नभएको |
| ४ | पुर्ण बहादुर दर्लामी मगर/ श्रीमति सन्ति दर्लामी | वडा न-२ गनाहा | पूर्ण क्षती | विवरण सच्चाई पठाईएको-घर बनाउन ईच्छुक | जि.प्र.का.बाट रकम निकासा नभएको |
| ५ | नवराज कुवर सुकुम्बासी | वडा न-२ गनाहा | पूर्ण क्षती | घर पुर्ननिर्माणको लागि तयार भएको वडा कार्यालयको सिफारिस | नयाँ थप |
| ६ | गम बहादुर सोमै | वडा न. ५ राङ्गवाङ्ग | पूर्ण क्षती | घर बनाउने ईच्छुक | जि.प्र.का.बाट निकासा नभएको |
| ७ | तुल बहादुर उलुङ्गेमगर | वडा न. ६ बुढिचौर | अत्यन्त जोखिम | घर पुर्ननिर्माणको लागि तयार भएको वडा कार्यालयको सिफारिस | नयाँ थप |

नि.प्रमुख प्रशासकिय अधिकृत

कृष्ण बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

नि.प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बडडाँडा, प्युठान लुम्बिनी प्रदेश, नेपाल २०७३

झक बहादुर विश्वकर्मा गा.पा.अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ज्ञान बहादुर गाहाँ मगर | वडा न. ६ बुढिचौर | अत्यन्त जोखिम | घर पुर्ननिर्माणको लागि तयार भएको वडा कार्यालयको सिफारिस | नयाँ थप |

**निर्णय नं. ५ विपदबाट प्रभावित लाभग्राहीहरुलाई आर्थिक सहयोग सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस बर्षको बर्षातको कारण गएको पहिरोले विभिन्न ब्यक्तिहरुको घरखेत/गोठहरुमा भएको क्षतिका कारण समस्या भएकोले तपशिलका घरधनीहरुलाई प्रकोप/विपद ब्यबस्थापन कोषबाट निम्नानुसारको राहात/आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्र.स. | घरमुली/ब्यक्तिको नाम थर | ठेगना | क्षेतीको विवरण | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | पुनाराम बुढामगर | वड न. ६ सिम्ले | २०८१।३।२२ गते देखि परेको अविरल बर्षाका कारण घर भत्कन गई पुर्ण रुपमा क्षती भएकोले बस्न योग्य नभएको | २५०००/- | |
| २ | सुनिता कुवर | वडा नं. २ गनाहा | स्वर्गद्वारीगेट गनाहा मो.ब.को नाली निर्माणगर्दा घरभित्रबाट पानीको मूल निस्कन गई घरभित्र बस्न समस्या भएकोले सो को रोकथामको ब्यवस्था गर्न । | १५०००/- | |
| ३ | सन्त बहादुर सुनार | सरुमारानी-५ विरिङ्गकोट | २०८१/५/२७ गतेको अविरल बर्षादले पहिरो आई उनी बस्दै आएको घरको पछाडी पट्टीको घरको पर्खाल/गाहो भत्किएको घरमा बस्न योग्य नभएको । | २५०००/- | |

**निर्णय नं. ६ आर्थिक सहायता सम्बन्धमा ।**

- सरुमारानी गाउँपालिका वडा न. १ निवासी खगेश्वर शर्मा अधिकारीलाई वोनम्यारो क्यान्सर उपचार्थ दिर्घरोग स्वास्थ्य सहायता कार्यक्रम शिर्षकबाट रु. २५,०००/- उपलब्ध गराउने निर्णय गरियो ।
- यस गाउँपालिका वडा नं. २ मैदानमा रहेको दुर्गा भवानी मन्दिरको दशै पुजा संचालनको लागि रु. १५,०००/- अन्य संस्था सहयोग शिर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

नि.प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बडडाँडा, प्युठान लुम्बिनी प्रदेश, नेपाल २०७३

झक बहादुर विश्वकर्मा गा.पा.अध्यक्ष

CamScanner

नि.प्रमुख प्रशासकिय अधिकृत

- अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विधार्थी युनियन(छैठौं)को केन्द्रीय समितिको २३ औं राष्ट्रिय सम्मेलन सहयोगार्थ रु. ५,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विधार्थी युनियन(छैठौं)को जिल्ला समिति प्यूठानको २० औं जिल्ला सम्मेलन सहयोगार्थ रु. ५,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विधार्थी युनियन(क्रान्तिकारी)को जिल्ला समिति प्यूठानको २१ औं जिल्ला सम्मेलन सहयोगार्थ रु. ५,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- गन्धर्व समाज प्यूठानको प्रथम भेला संचालन गर्न सहयोग स्वरुप रु. ५,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- सरुमारानी गाउँपालिका वडा नं. १ बस्ने राजेन्द्रबादीको लु.१.क ५८७७ नं. को गाडीले भारत देश घरभई हाल प्यूठान जिल्ला सरुमारानी गाउँपालिका वडा न. १ पियालिबाँझ बस्ने सन्तोष भैया नामले बोलाउने नाम थर वतन नखुलेको ब्यक्तिको बेवारिसे शवलाई पोष्टमाटम गर्न मिति २०८१/६/१५ गते सरुमारानी गाउँपालिका वडा नं. १ देखी लमही अस्पताल सम्म लगेको हुदाँ सो गाडी भाडावापत राज्न्द्रवादीलाई रु. ७०००/- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ बिविध सम्बन्धमा ।**

- **पशुपोषण तथा प्रजनन विकृति सुधार कार्यक्रममा साझेदारी सम्बन्धमा ।**

एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय प्यूठानको मिति २०८१।०६।६ च.न. ६८ को पत्र अनुसार स्थानीय तह तथा ILRI संगको सहकार्यमा पशुपोषण तथा प्रजनन् विकृति सुधार कार्यक्रम संचालनको लागि यस गाउँपालिकाले आवश्यक साझेदारी रकम रु. ५,००,०००/- साझेदारी कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

- **वन प्राविधिकको विज्ञापन सम्बन्धमा ।**

समृद्धिको लागि वन परियोजना कार्यक्रम कार्यान्वयन गर्न यस गाउँपालिकामा रिक्त रहेको वन प्राविधिक (अधिकृत छैठौं) तहको पदमा विज्ञापन गर्ने निर्णय गरियो ।

- **विपद प्रभावित परिवारले दिने सहयोग रकम सम्बन्धमा ।**

यस गाउँपालिकाको स्वीकृत विपद् कोष ब्यबस्थापन कार्यविधि २०७४ को परिच्छेद ७(क) बमोजिम गाउँपालिकाले नगद तथा जिन्सी वा नगद र जिन्सी गरी बढिमा २५,०००/- सम्म उपलब्ध गराउने साथै विपदवाट मृत्यू भएका ब्यक्तिहरुका लागि प्रति ब्यक्ति रु. १,००,०००/- सहयोग उपलब्ध गराउने गरी कार्यविधि संशोधन गर्ने निर्णय गरियो ।

नि.प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

गा.पा.अध्यक्ष

- **बजार अनुगमन प्रतिबेदन सम्बन्धमा ।**

यस गाउँपालिकाको आयोजनामा मिति २०८१ श्रावण २४ गते सरुमारानी गाउँपालिकाका वडा नं. १ का बागेशाल क्षेत्रका २८ वटा, वडा नं. २ का दर्भान क्षेत्रका ५० वटा र २८ गते वडा नं. ४ वड्डाडा क्षेत्रका ५६ वटा तथा मिति २०८१ असोज ८ गते वडा नं. ३ का १२ वटा र वडा नं. ५ का १३ वटा विभिन्न प्रकृतिका ब्यापार ब्यबसायीहरुको अनुगमन गरिएको जानकारी गराईयो।यसरी अनुगमनका क्रममा खान अयोग्य किराना र खाद्यान्न सामाग्रीहरु मध्ये रु. १,७०,१५४/- रुपैया बराबर नष्ट गरिएको र कतिपय पसलमा लामो समयसम्म प्रयोग गर्न नमिल्ले सामाग्रीहरु बेचबिखन गरिरहेको पाईएकोले सचेत गराईएको जानकारी भयो। बजार अनुगमनलाई थप प्रभावकारी वनाउन जिल्ला प्रशासन कार्यालय र सरोकारवालासंग समन्वय गरि थप प्रभावकारी वनाउन गाउँपालिका स्तरीय उपभोक्ता हित संरक्षण समितिलाई निर्देशन दिने निर्णय गरियो ।

- **बर्षादको समयमा सतर्कता अपनाउन अपिल गर्ने सम्बन्धमा ।**

गत मंगलबार मिति २०८१।०६।०८ गते देखी यस गाएपालिका र देशभर लगातार बर्षा सुरुभएको र अविरल बर्षा संगै गाउँपालिकाका विभिन्न बस्तीहरुमा बाढी पहिरोको उच्च जोखिम रहेको हुदाँ सम्पूर्ण नागरिकहरुलाई उच्च सतर्कता अपनाई सुरक्षित स्थानमा रहनु हुन र विपदका घटना वा आपतकालिन अवस्था आएमा सम्पर्क ब्यक्ति र सम्पर्क नम्बर सहितको सरुमारानी गाउँपालिकाले सूचना/अपिल जारी गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मिति २०८१/०६/१३

नि.प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भगत बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

## सरुमारानी गाउँपालिका, कार्यपालिकाको सट्चालिसौं बैठकका प्रस्तावहरु
## मिति २०८१।०५।२९ गते

१ प्रगती समिक्षा सम्बन्धमा ।

२ जे.सि.वि. दररेट सम्बन्धमा ।

३ सडक लाईट र सि.सी क्यामेरा जडान तथा मर्मत सम्वन्धमा ।

४ कार्यविधि स्वीकृत सम्बन्धमा ।

५ बिविध सम्बन्धमा।

- आर्थिक मामिला तथा योजना मन्त्रालयको पत्र सम्बन्धी जानकारी सम्वन्धमा ।
- विपद स्वयंसेवक तालिममा सहयोग सम्वन्धमा ।

नि.प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका कार्यपालिकाको कार्यालय बडडाँडा प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३

भगत बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

नि.प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बड्डाँडा प्युठान लुम्बिनी प्रदेश,नेपाल २०७३

रुक्म बहादुर विश्वकर्मा गा.पा.अध्यक्ष

## बैठक संख्या-४७

## गाउँकार्यपालिकाको सट्चालिसौ बैठकका निर्णयहरु-२०८१।०५।२९ गते

**निर्णय नं. १ प्रगती समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।४।३२ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो।

**निर्णय नं. २ जे.सि.वि. दररेट सम्बन्धमा ।**

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस गाउँकार्यपालिकाको योजनाहरु कार्यान्वयनको लागि यस गाउँपालिका भित्र प्रयोग हुने मेसिनको दररेटमा तपसिल वमोजिम कायम गर्ने र मेसिनको दररेट भन्दा कुनै पनि किसिमको अन्य अतिरिक्त खर्च भुक्तानी दिन नपाईने निर्णय गरियो।

- टायरवाला व्याक हो लोडर-रु. २८२५।- प्रति घण्टा (भ्याट सहित) ।
- चैनवाला डोजर (१८० हर्ष पावर सम्म)-रु. ४५२०।- प्रति घण्टा (भ्याट सहित) र ब्रेकर प्रयोग गरेमा रु. ५६५०।- प्रति घण्टा (भ्याट सहित)
- चैनवाला डोजर (१८० हर्ष पावर भन्दा माथि)-रु. ५५००।- प्रति घण्टा (भ्याट सहित) र ब्रेकर प्रयोग गरेमा रु. ६५००।- प्रति घण्टा (भ्याट सहित) ।

**निर्णय नं. ३ सडक लाईट र सि.सी क्यामेरा जडान तथा मर्मत सम्बन्धमा ।**

प्रस्ताव न. ३ माथि छलफल गर्दा नेपालको महान चाड दशै तिहारलाई लक्षित गरी यस गाउँपालिका अन्तरगत वड्डाडा वजार क्षेत्रका सडक बत्ती जडान तथा मर्मतको लागि रु. ६००००/- र दर्भान/ददेरी क्षेत्रका सडकबत्ति मर्मत तथा जडानको लागि रु.२०,०००/-विनियोजन गर्ने र आवश्यकता अनुसार सि.सि. क्यामेरा मर्मत गर्ने निर्णय गरियो । साथै यस गाउँपालिकाको वडा नं.६ बायोखोलामा २ वटा पोल र सडक बत्ति जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ कार्यविधि स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम कार्यविधि, २०८१ लाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ बिविध सम्बन्धमा ।**

- **आर्थिक मामिला तथा योजना मन्त्रालयको पत्र सम्बन्धी जानकारी सम्बन्धमा ।**

आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेश सरकारको च.न. ८९ मिति २०८१।५।१४ को बजेट कार्यान्वयन सम्बन्धि मार्गदर्शनको पत्रलाई जानकारी गराईयो ।

...अधिकृत

सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बड्डाँडा प्युठान लुम्बिनी प्रदेश,नेपाल २०७२



रुक्म बहादुर विश्वकर्मा गा.पा.अध्यक्ष

CamScanner

नि.प्रमुख प्रशासकिय अधिकृत

गा.पा.अध्यक्ष

- **विपद स्वयंसेवक तालिममा सहयोग सम्बन्धमा ।**

जिल्ला समन्वय समितिको कार्यालय प्यूठानको च.न. ३१ मिति २०८१।५।२८ को पत्र अनुसार स्वयंसेवक उद्दारकर्मी विपद प्रतिकार्य तालिमको लागि प्राप्त प्रस्ताव अनुसार यस गाउँपालिकाले ५ जनालाई सहभागि पठाउने र सो बापत लाग्ने खर्च रु. १८१६७/- यस गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८१/०५/२९

नि.प्रमुख प्रशासकिय अधिकृत

गा.पा.अध्यक्ष